# मालारानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खण्डहा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

च.नं.
प.सं.


मालारानी गाउँपालिकाबाट जारी गरिएको आकस्मिक सूचना
(मिति २०७८ साल वैशाख २० गते सोमबार)

केहिदिन अघिदेखि तीव्र रुपमा फैलिदैं गरेको नयाँ भेरियण्टसहितको कोभिड-१९ को संक्रमणको रोकथाम तथा नियन्त्रणको लागि यस गाउँपालिकाका अध्यक्ष श्री बालकृष्ण शर्मा आचार्यज्यूको अध्यक्षतामा वडाध्यक्ष तथा गाउँपालिकाका राजनीतिक दलहरुसँगको मिति २०७८ वैशाख २० गतेको समन्वयात्मक बैठकको निर्णयअनुसार अनिवार्य रुपमा देहायबमोजिमको हुनको लागि सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ।

देहायः

१) जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीले मिति २०७८ वैशाख १९ गते जारी गरेको मिति २०७८ वैशाख २० गते सोमबार राति १२ बजेदेखि मिति २०७८ वैशाख ३१ गते शुक्रबार राति १२ बजेसम्म लागू हुनेगरी ११ बुँदे निषेधाज्ञाको आदेशलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने र गराउने।

२) गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा वडाध्यक्षको संयोजकत्वमा सर्वदलीय र सर्वपक्षीय प्रतिनिधित्व हुने गरी कोभिड-१९ रोकथाम तथा नियन्त्रण समिति गठन गरी कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि व्यापक रुपमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने।

३) गाउँपालिकाभित्रका विद्यालयहरुको शैक्षणिक तथा परीक्षा कार्यक्रम बन्द गरिएको भएतापनि प्रशासनिक कामकाज नियमित रुपमा संचालन गर्ने सन्दर्भमा वडाध्यक्षको समन्वयमा प्रधानाध्यापकहरुले विद्यालयमा कार्यरत शिक्षकहरुलाई आलोपालो तपशिलको कामकाजमा खटाउने।

क) विद्यालय सेवाक्षेत्र भित्रको स्थानमा कोभिड-१९ विरुध्दको सचेतना अभियानमा,

ख) कोभिड-१९ को अवस्था र प्रभावको विषयमा वडा कार्यालयमा रिपोर्टिङ कार्यमा र

ग) मिति २०७८ वैशाख मसान्तभित्रमा विद्यार्थीको वार्षिक नतिजा प्रकाशन गर्ने कार्यमा।

४) गाउँपालिका क्षेत्रभन्दा बाहिरबाट ( जस्तै देशका विभिन्न स्थानहरु, भारत लगायत तेस्रो मुलुकहरु) आएका व्यक्तिहरुलाई अनिवार्य रुपमा स्वास्थ्यका मापदण्ड अपनाई तोकिएको अवधिभर होमक्वारेन्टाइनमा वस्नुपर्ने व्यवस्थालाई कडाइकासाथ कार्यान्वयन गर्ने ।

५) मालारानी गाउँपालिकाका बैंक तथा वित्तीय संस्थाहरुलाई एक चौथाइ कर्मचारीहरुको उपस्थितिमा स्वास्थ्यका मापदण्ड अपनाई नियमित सेवा संचालन गर्ने ।

६) गाउँपालिका भित्रका कुनै नागरिकको कोभिड-१९ को संक्रमणबाट मृत्यु हुन गएमा सम्बन्धित वडाको कोभिड-१९ रोकथाम तथा नियन्त्रण समितिले शव व्यवस्थापन गर्ने ।

७) कोभिड-१९ बाट संभावित /संक्रमित व्यक्तिहरुको स्वावको नमूना परीक्षण गर्न एक हजार थान एण्टिजेण्ट किट्स खरिद गर्ने र आवश्यक पर्ने अन्य स्वास्थ्य सामग्रीहरु समेत खरिद गरी व्यवस्थापन गर्ने ।

८) गाउँपालिकामा स्थापना गरिएको कोरोना व्यवस्थापन कोषमा आवश्यक रकम व्यवस्थापन गर्नको लागि गाउँपालिकाले आवश्यक निर्णय लिने ।

९) गाउँपालिका भित्रका कोभिड-१९ बाट प्रभावित तथा रोगको संक्रमणको आशंका लागेका व्यक्तिहरुलाई स्वास्थ्य उपचारको लागि पालिकाभित्र रहेका एम्बुलेन्समार्फत् पालिकाभित्रको कोभिड अस्पतालसम्म निशुल्क यातायात सुविधा प्रदान गर्ने ।

०७८/०१/२०

रमेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत